आकाशवाणी

March12, 2026

प्रमुख समाचार

१. राष्ट्रपतिले महिलाको भूमिकासम्बन्धी वैश्विक सम्मेलनको गर्नुभयो उद्घाटन

२. प्रधानमन्त्रीद्वारा भोली **प्रधानमन्त्री किसान सम्मान निधि योजना**-को २२ औँ किस्ता जारी गरिने

३. भारतीय विदेशमन्त्री र इरानी विदेशमन्त्रीबीच वार्ता

४. आज लोकसभा स्थगित

५. देशमा कच्चा तेलको अवस्था बलियो रहेको पेट्रोलियम मन्त्रीको भनाइ

------------

Prez-Worl Conference

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा कृषि-खाद्य प्रणालीमा महिलाको भूमिकासम्बन्धी विश्वव्यापी सम्मेलन २०२६ को उद्घाटन गर्दै, कृषिमा, विशेष गरी कृषि-खाद्य प्रणालीमा महिला नेतृत्वलाई प्रोत्साहन गर्नु महत्त्वपूर्ण रहेको बताउनुभयो। यस अवसरमा राष्ट्रपतिले कृषि क्षेत्रमा नीति निर्माण, निर्णय लिने र नेतृत्वदायी पदहरूमा महिलाहरू संलग्न हुनुपर्नेमा जोड दिनुभयो। साथै, राष्ट्रपतिले यस क्षेत्रमा सबै तहमा महिलाहरूको बढी सहभागिताले लैङ्गिक समानता कायम रहने, जसले गर्दा कृषि विकास प्रवर्धन हुने बताउनुभयो। तीन दिने सम्मेलनमा गहन प्राविधिक सत्रहरूको श्रृङ्खला प्रस्तुत गरिनेछ।

## PM-Kisan Nidhi

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि गुवाहाटीबाट **प्रधानमन्त्री किसान सम्मान निधि योजना**-को २२ औँ किस्ता जारी गर्नुहुनेछ। कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले आज नयाँ दिल्लीमा पत्रकारहरूसँग कुरा गर्दै, प्रधानमन्त्रीले प्रत्यक्ष लाभ हस्तान्तरणमार्फत करिब ९ करोड ३२ लाख किसानहरूको बैंक खातामा १८ हजार ६४० करोड रूपियाँ स्थानान्तरण गर्ने जानकारी दिनुभयो। श्री चौहानले देशको कुल खाद्यान्न उत्पादन सन् २०१४ मा २५२ करोड टनबाट बढेर सन् २०२५ मा करिब ३५७ करोड टन पुगेको बताउँदै, २०२४ देखि २०२५ सम्मको अवधिमा बागवानी बालीको उत्पादन पनि २७ करोड टनबाट बढेर करिब ३६९ करोड टन पुगेको जानकारी दिनुभयो।

## Foreign Ministry Briefing

विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले आज विदेशमन्त्री डा. एस. जयशंकर र इरानी विदेशमन्त्री सैयद अब्बास अरागचीले विगत केही दिनको दौरान तीनपटक वार्ता गरेको जानकारी दिनुभयो। श्री जयसवालले दुई नेताबीचको पछिल्लो वार्तामा भारतको ढुवानी र ऊर्जा सुरक्षासँग सम्बन्धित मुद्दाहरूमा छलफल भएको बताउनुभयो र आज नयाँ दिल्लीमा मिडियालाई जानकारी दिँदै, इरानमा लगभग ९ हजार भारतीय नागरिक रहेको र सरकारले धेरै भारतीयलाई तेहरानबाट सुरक्षित स्थानमा सारेको जानकारी दिनुभयो। उहाँका अनुसार, सरकारले अजरबैजान र आर्मेनिया हुँदै इरान छोड्न चाहनेहरूलाई भिसा र सीमा पार गर्न सहयोग गरिरहेको छ ताकि उनीहरू वाणिज्यिक उडानहरूबाट स्वदेश फर्कन सकून्।

## Lok Sabha Adjourned

एलपीजी सङ्कटमाथि छलफलको मागसहित विभिन्न मुद्दाहरूमा विपक्षीहरूले गरेको होहल्लाका कारण लोकसभा दिउँसो २ बजेसम्मका लागि स्थगित गरिएको थियो। प्रारम्भिक स्थगनपछि दिउँसो १२ बजे सदनको कार्यवाही पुनः सुरु हुँदा, अध्यक्ष ओम बिरलाले विपक्षी दलहरूले पेश गरेको अविश्वास प्रस्तावमाथि बयान दिनुभयो। पछि, कङ्ग्रेस नेता केसी वेणुगोपालले विपक्षी दलका नेताले एलपीजी सङ्कटमाथि स्थगन सूचना दिएको र यस विषयमा तत्काल छलफलको माग गरेको बताउनुभयो। श्री बिरलाले आफूले त्यो सूचना प्राप्त गरेको र त्यसबारे सरकारलाई जानकारी दिएको बताउनुभयो। संसदीय मामिला मन्त्री किरेन रिजिजुले यो मुद्दा महत्त्वपूर्ण भएको र सरकारले यसको जवाफ दिन चाहेको जानकारी दिनुभयो।

## LPG-Lok Sabha

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले देशमा कच्चा तेलको अवस्था बलियो रहेको बताउनुभएको छ। उहाँले घरेलु एलपीजी आपूर्ति पूर्ण रूपमा सुरक्षित रहेको र घरेलु एलपीजी सिलिन्डर बुकिङदेखि डेलिभरीसम्मको साढे दुई दिनको स्थापित समयमा कुनै परिवर्तन नभएको जानकारी दिनुभयो। उहाँले सरकारको प्राथमिकता ३३ करोड परिवार, विशेष गरी गरिब र विपन्न वर्गहरूलाई निर्बाध एलपीजी आपूर्ति सुनिश्चित गर्नु रहेको बताउँदै, पश्चिम एसियामा जारी द्वन्द्वका कारण विश्वव्यापी ऊर्जा आपूर्तिमा आएको अवरोधको प्रतिक्रिया स्वरूप सरकारले चालेका कदमहरूबारे आज लोकसभामा यसको जानकारी दिनुभयो।

## Lok Sabha-Complete Question

लोकसभामा २०२५-२६ का लागि अनुदानको पूरक मागहरूमाथि छलफल सुरु भएको छ। यसमा ६१ अनुदान समावेश छन्। सरकारले सदनलाई २ लाख ८१ हजार करोडभन्दा बढीको अतिरिक्त खर्च स्वीकृत गर्न अनुरोध गरेको छ। छलफलको सुरुवात गर्दै, भाजपाका जगदम्बिका पालले पश्चिम एसियामा जारी द्वन्द्वका कारण कच्चा तेलको मूल्य प्रति ब्यारेल ८८ डलरबाट बढेर ११९ डलर पुगेको, जसले गर्दा मल, ग्यास र यातायातमा प्रत्यक्ष असर परेको बताउनुभयो। समाजवादी पार्टीका राम शिरोमणि वर्माले बेरोजगारीको मुद्दा उठाउँदै, किसानहरूको आय बढाउन माग गर्नुभयो। त्यसैगरी, डीएमकेका गणपति राजकुमारले देशमा एलपीजी सिलिन्डरको अभावको मुद्दा उठाउनुभयो। अनि तेलुगु देशमका दग्गुमुल्ला प्रसाद रावले कृषि क्षेत्रले अर्थतन्त्रलाई चलाएको जानकारी दिँदै, १९ हजार करोड रुपियाँको मल-अनुदान किसानहरूलाई सहयोगी हुने बताउनुभयो।

## Rajya Sabha-Gramin Vikash

राज्यसभामा ग्रामीण विकास मन्त्रालयको कामकारबाहीमाथि पुनः छलफल सुरु भएको छ। भाजपाकी डा. संगीता बलवन्तले देशको वास्तविक शक्ति गाउँमा रहेको बताउँदै, सरकारले गाउँ र ग्रामीण क्षेत्रका मानिसहरूलाई सशक्त बनाएको बताउनुभयो। कङ्ग्रेसका शक्तिसिंह गोहिलले मनरेगाले ग्रामीण क्षेत्रका मानिसहरूलाई रोजगारी दिएको जानकारी दिँदै, वर्तमान सरकारले मनरेगाका लागि कोष घटाएको, जसले गर्दा राज्य सरकारहरूमाथि बोझ बढेको आरोप लगाउनुभयो।

## Indian Oil Assurance

इन्डियन आयल कर्पोरेशन लिमिटेडले देशभरि इन्धनको निर्बाध आपूर्ति भइरहेको आश्वासन दिएको छ। कम्पनीले सामाजिक सञ्जालमा पोस्ट गर्दै, देशभरिका पेट्रोल पम्पहरू पूर्ण रूपमा सञ्चालनमा रहेको अनि पेट्रोल, डिजेल र अन्य पेट्रोलियम पदार्थको पर्याप्त भण्डार रहेको, साथै इन्धन वितरण पनि सामान्य रूपमा जारी रहेको जनाएको छ। कम्पनीले ग्राहकहरूलाई अफवाहको पछि नलाग्न र पेट्रोल पम्पहरूमा अनावश्यक भीडभाडबाट बच्न अपील गरेको छ।

## Crude Oil-Mumbai

पश्चिम एसियामा जारी द्वन्द्वबीच, कच्चा तेलले भरिएको ट्याङ्कर हिजो हर्मुजको जलडमरू हुँदै मुम्बई सुरक्षित आइपुग्यो। हालै अमेरिका र इस्राएलले इरानमाथि गरेको आक्रमणपश्चात समुद्री क्षेत्रमा यातायातको गति सुस्त भएपछि यो भारत पुग्ने पहिलो जहाज हो। मुम्बई बन्दरगाहका अधिकारीहरूका अनुसार, जहाजले १ लाख ३५ हजार ३३५ मेट्रिक टन कच्चा तेल बोकेको छ र यसलाई जवाहर टापुमा ल्याइएको छ।

## Bharat Space Conference

विज्ञान तथा प्रविधि विभागको भूस्थानिक डेटा प्रवर्धन तथा विकास समितिका अध्यक्ष श्रीकान्त शास्त्रीले नयाँ दिल्लीमा भारत अन्तरिक्ष शिखर सम्मेलनको उद्घाटन सत्रमा बोल्दै, भूस्थानिक डेटाको द्रुत वृद्धिलाई उपयोग गर्न र यसको पूर्ण क्षमतालाई साकार पार्न विभिन्न क्षेत्रमा डेटा एकीकरणको आवश्यकतामा जोड दिनुभयो। भारतीय वाणिज्य तथा उद्योग महासंघद्वारा आयोजित सम्मेलनको विषय "४० अर्ब डलरको अन्तरिक्ष र भूस्थानिक पारिस्थितिक प्रणाली तर्फ: प्रविधि, नीति र उद्योग

सहकार्य" रहेको छ।

## Value-Statistics

भारतको खुद्रा मुद्रास्फीति जनवरीको तुलनामा वार्षिक आधारमा फेब्रुअरीमा ३.२१ प्रतिशतले बढेको छ। २०२४ आधार वर्षसहितको नयाँ शृङ्खला अन्तर्गत, जनवरीका लागि यो संख्या २.७४ प्रतिशतमा झरेको थियो। तथ्याङ्क तथा कार्यक्रम कार्यान्वयन मन्त्रालयले जारी गरेको तथ्याङ्कअनुसार, ग्रामीण क्षेत्रमा मुद्रास्फीति ३.३७ प्रतिशत पुगेको छ भने शहरी क्षेत्रमा पनि यो बढेर ३.०२ प्रतिशत पुगेको छ।

## Badminton

स्विस ओपन ब्याडमिन्टन प्रतियोगिताको पुरुष एकलको प्रि-क्वार्टरफाइनलमा आज भारतका किरण जर्जले हङकङका जेसन गुणवानको सामना गर्नेछन्। किरणले हिजो सिङ्गापुरका पूर्व विश्व च्याम्पियन लोह किन युलाई पराजित गरे भने हङकङका जेसन गुणवानले पूर्व विश्व नम्बर एक किदाम्बी श्रीकान्तलाई पराजित गरे। त्यसैगरी, मिश्रित युगलमा ध्रुव कपिला र तनिषा क्रास्टोले डेनमार्कका जास्पर टोफ्ट र अमाली म्यागेलुन्डलाई २१-१५, २१-१४ ले पराजित गरे। यस जोडीले आज राति चीनका गाओ जिया जुआन र वु मेङ यिङको जोडीसँग खेल्नेछ। महिला एकलमा मालविका बसोडले हार बेहोर्नुपर्‍यो अनि तन्वी शर्मा र उन्नती हुड्डा पनि प्रतियोगिताबाट बाहिरिसकेका छन्।

समाचार पूरा भयो।